जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ७१ • २०८३ साल साउन १४ गते विहिबार (30 July, Thursday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-


## प्रभु बैंककी रश्मी पक्राउ



टुडे समाचारदाता

काठमाण्डु । रश्मी पन्तलाई केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले बैंकिङ कसुर तथा कर्जा दुरुपयोगसम्बन्धी अनुसन्धानका क्रममा पक्राउ गरेको छ । सीआईबीका अनुसार प्रभु बैंकबाट एउटा निश्चित प्रयोजनका लागि स्वीकृत गरिएको कर्जा रकम अर्को प्रयोजनमा प्रयोग गरिएको आरोपमा उनीमाथि अनुसन्धान अघि बढाइएको छ ।

सीआईबीका प्रवक्ता अनुपम शमशेर जबराले प्रारम्भिक अनुसन्धानबाट कर्जा प्रवाह प्रक्रिया तथा त्यसको उपयोगमा गम्भीर अनियमितता देखिएपछि पन्तलाई नियन्त्रणमा लिइएको जानकारी दिए । उनीमाथि बैंकिङ कसुर तथा सजाय ऐनअन्तर्गत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

अनुसन्धानको केन्द्रमा रहेको रुपन्देहीस्थित एशियन भिलेज रिसोर्ट प्रालिलाई प्रभु बैंकले करिब ४८ करोड रुपैयाँ कर्जा उपलब्ध गराएको थियो । उक्त कर्जा रिसोर्ट निर्माण तथा जग्गा खरिदका लागि स्वीकृत भए पनि त्यसको ठूलो हिस्सा स्वीकृत उद्देश्यभन्दा बाहिर प्रयोग गरिएको आरोप अनुसन्धानमा उठेको छ । सीआईबीका अनुसार कर्जा रकम कम्पनीका अध्यक्ष तथा उनीसंग सम्बन्धित अन्य व्यक्ति र कम्पनीहरूको दायित्व भुक्तानी गर्न प्रयोग गरिएको आशंका गरिएको छ ।

यसै प्रकरणमा एशियन भिलेज रिसोर्ट प्रालिका अध्यक्ष शशिधर शर्मा पौडेल यसअघि नै सीआईबीको हिरासतमा रहेका छन् ।

### गढीमाई मन्दिरमा फेरि सुरक्षा प्रश्न

## गहना चोरीपछि सिसिटिभी फुटेज सार्वजनिक गर्न स्थानीयको माग

टुडे समाचारदाता

बारा । विश्वप्रसिद्ध गढीमाई मन्दिरबाट बहुमूल्य गहना चोरी भएको घटनाले स्थानीयवासीमा गम्भीर चिन्ता बढाएको छ । धार्मिक आस्था र ऐतिहासिक महत्व बोकेको बाराको महागढीमाई नगरपालिका-१ स्थित बरियारपुरमा रहेको गढीमाई मन्दिरमै सुरक्षा कमजोरी देखिएको भन्दै स्थानीयले निष्पक्ष छानबिन, दोषीको तत्काल पहिचान तथा मन्दिरमा जडान गरिएको सिसिटिभी क्यामराको फुटेज सार्वजनिक गर्न माग गरेका छन् ।

साउन १० गते राति मन्दिरबाट चार थान बहुमूल्य गहना चोरी भएपछि स्थानीयवासीले बुधबार मन्दिर परिसरमै पत्रकार सम्मेलन आयोजना गर्दै घटनाको सत्यतथ्य सार्वजनिक गर्न सम्बन्धित निकायलाई आग्रह गरेका छन् ।

पत्रकार सम्मेलनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाराका निवर्तमान सभापति चन्दनकुमार स्वर्णकारले गढीमाई मन्दिर लाखौं श्रद्धालुको आस्थाको केन्द्र रहेकाले यस्ता घटनाले धार्मिक विश्वासमाथि नै प्रश्न उठाएको भन्दै चिन्तासमेत व्यक्त गरे । उनले अनुसन्धान पारदर्शी बनाउन सिसिटिभी फुटेज सार्वजनिक गर्नुपर्ने र दोषीलाई कानुनी दायरामा ल्याउन ढिलाइ गर्न नहुने धारणा राखे ।

मन्दिरको मूल पुजारी शिव चौधरीले चोरी भएका सामग्रीमा चाँदीको मुकुट, सुनको जलप लगाइएको चाँदीको हार, सुनको तिलहरी र सुनको हार रहेको जानकारी दिए । ती सबै गहना भक्तजनले विभिन्न समयमा देवीलाई चढाएका बहुमूल्य भेटी छन् ।



यता जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी उपरीक्षक (एसपी) नरेन्द्र कुँवरले मन्दिरमा जडान गरिएको सिसिटिभी क्यामराको फुटेजका आधारमा अनुसन्धान भइरहेको जानकारी दिए । उनले घटनामा संलग्न व्यक्तिहरूको हालसम्म पहिचान हुन नसकेको भए पनि खोजी कार्यलाई तीव्र बनाइएको जानकारी दिए । बारा प्रहरीले प्राविधिक प्रमाण, घटनास्थलको अवस्था तथा सम्भावित संलग्न व्यक्तिमाथि अनुसन्धान अघि बढिरहेको जनाएको छ ।

गढीमाई मन्दिरमा पहिलो पटक सुरक्षा चुनौती देखिएको भने होइन । यस अघि पनि मन्दिर परिसरमा चोरी, भेटी व्यवस्थापन र सुरक्षा व्यवस्थालाई लिएर पटक-पटक विवाद र प्रश्न उठ्दै आएका छन् ।

विगतमा मन्दिर परिसरबाट दानपेटिकाको रकम चोरी भएको घटना सार्वजनिक भएको थियो । त्यतिबेला पनि सुरक्षा प्रणाली कमजोर रहेको भन्दै स्थानीयले सीसीटीभीको प्रभावकारी प्रयोग र चौबीसै घण्टा निगरानीको व्यवस्था गर्न माग गरेका थिए । यद्यपि सुरक्षा प्रणालीमा अपेक्षित सुधार नभएको स्थानीयको गुनासो छ ।

यस्तै, गढीमाई मेलाको समयमा लाखौं भक्तजनको भीड लाग्ने भएकाले भेटी, गहना तथा नगद व्यवस्थापनलाई थप व्यवस्थित बनाउनुपने विषय पटक-पटक उठ्दै आएको छ । मेलाका बेला सुरक्षा निकायको बाक्लो उपस्थिति रहने भए पनि नियमित समयमा सुरक्षा निगरानी कमजोर हुने गरेको स्थानीयको आरोप छ ।

धार्मिक सम्पदामा हुने चोरीका घटनाले गढीमाई मन्दिर मात्र होइन, देशका अन्य प्रसिद्ध मन्दिरहरूमा पनि सुरक्षा व्यवस्थालाई थप सुदृढ बनाउनुपर्ने आवश्यकता औंल्याएको स्थानीय बुद्धिजीवीहरूको भनाइ छ ।

स्थानीयवासीले अनुसन्धानलाई गोप्य राख्ने नाममा तथ्य लुकाउन नहुने भन्दै सिसिटिभी फुटेज सार्वजनिक गर्नुपर्ने माग दोहोऱ्याएका छन् । सो घटनाको वास्तविकता सार्वजनिक भए मात्रै चोरीबारे फैलिएका विभिन्न आशंका अन्त्य हुने र दोषी पहिचानमा समेत सहजता आउने बताउन थालेको उनीहरु बताउँछन् ।

तर बारा प्रहरीले भने अनुसन्धान प्रभावित हुन सक्ने भएकाले सबै विवरण तत्काल सार्वजनिक गर्न नमिल्ने संकेत दिएको छ । तथापि घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याइने प्रतिबद्धता जनाएको छ ।

विश्वप्रसिद्ध गढीमाई मन्दिरमा भएको चोरी घटनाले धार्मिक स्थलको सुरक्षा, सम्पत्ति संरक्षण तथा निगरानी प्रणालीको प्रभावकारितामाथि फेरि एकपटक गम्भीर प्रश्न उठेको छ । स्थानीयवासीले अबका दिनमा यस्ता घटना दोहोरिन नदिन आधुनिक सुरक्षा प्रणाली, नियमित निगरानी र पारदर्शी व्यवस्थापन अनिवार्य रूपमा लागू गर्नुपर्ने माग जोडदार रुपमा उठाएका छन् ।

### देवानगञ्जको जनजीवन सामान्य

## सर्वपक्षीय पहलबाट सद्भाव कायम गर्ने प्रतिबद्धता, मृतक परिवारलाई क्षतिपूर्ति

टुडे समाचारदाता



सुनसरी । गत आइतबार सुनसरीको देवानगञ्ज गाउँपालिका-३ मा पर्ने कप्तानगञ्ज क्षेत्रमा दुई समूहबीच भएको विवाद र त्यसपछिको हिंसात्मक घटनापछि प्रभावित जिल्लाको जनजीवन क्रमशः सामान्य बन्दै गएको छ । सरकार, स्थानीय प्रशासन, सुरक्षा निकाय, प्रदेश सरकार तथा विभिन्न राजनीतिक दलहरूको सक्रिय पहलसँगै शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम गर्ने प्रयास तीव्र बनाइएको छ ।

जिल्ला प्रशासन कार्यालय सुनसरीका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले जिल्लाको सुरक्षा अवस्था विस्तारै सामान्यतर्फ उन्मुख भएको जानकारी दिए । प्रभावित क्षेत्रहरूमा सर्वपक्षीय र सर्वदलीय बैठकहरू आयोजना गरी समुदायबीच विश्वासको वातावरण निर्माण गर्ने प्रयास भइरहेको उनले बताए ।

विशेषगरी हरिनगर र भोक्राहा नरसिंह गाउँपालिकामा आयोजित सर्वपक्षीय सद्भाव बैठकले शान्ति तथा सुव्यवस्थामा कुनै पनि प्रकारको खलल आउन नदिन सबै पक्षले संयुक्त रूपमा पहल गर्ने सहमति गरेको छ । प्रशासनले प्रभावित स्थानीय तहका प्रमुख तथा उपप्रमुखसंग छलफल गर्नुका साथै विवादमा संलग्न दुबै पक्षसंग पनि वार्ताको माध्यमबाट समाधान खोज्ने प्रक्रिया अघि बढाएको जनाएको छ ।

गत आइतबार राति भएको झडपका क्रममा सुरक्षाकर्मीको गोली लागेर देवानगञ्जका ओमप्रकाश मेहताको मृत्यु भएको थियो भने अन्य केही व्यक्ति घाइते भएका थिए । घटनापछि अवस्था थप बिग्रन नदिन जिल्ला प्रशासन कार्यालयले प्रभावित नगरपालिका तथा गाउँपालिकामा अनिश्चितकालीन कर्फ्यु र निषेधाज्ञा जारी गरेको थियो ।

घटनाप्रति प्रधानमन्त्री बालेन्द्र साहले गहिरो दुःख व्यक्त गर्दै मृतकका परिवारलाई न्याय, पीडितलाई क्षतिपूर्ति तथा दोषीमाथि कानुनअनुसार कारबाही हुने प्रतिबद्धता जनाएका छन् । उनले सुरक्षाकर्मीको गोली लागेर नागरिकको मृत्यु हुनु अत्यन्त गम्भीर विषय भएको उल्लेख गर्दै घटनाबारे निष्पक्ष अनुसन्धान शुरु भइसकेको र दोषीमाथि कानुनी कारबाही हुने स्पष्ट पारे ।

प्रधानमन्त्री साहले सरकारले सम्पूर्ण घटनाको गम्भीर समीक्षा गरिरहेको उल्लेख गर्दै यस्ता घटना दोहोरिन नदिन आवश्यक सुधारका कदम चालिने बताए । साथै उनले नागरिकलाई उत्तेजना, आक्रोश र बदलाको भावना त्यागेर संयमता अपनाउन तथा सामाजिक सद्भाव, आपसी विश्वास र सहिष्णुता कायम राख्न आग्रह गरे ।

गृह मन्त्रालयले पनि सुनसरी घटनापछि अन्य जिल्लामा सम्भावित तनावलाई मध्यनजर गर्दै सुरक्षा अवस्थाको निरन्तर अनुगमन र समन्वय गरिरहेको जनाएको छ । मन्त्रालयका प्रवक्ता तथा सहसचिव आनन्द काफ्लेले विशेषगरी बाँके, कपिलवस्तु तथा मधेश प्रदेशका विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूसँग नियमित सम्पर्क गरी सुरक्षा अवस्था, समुदायबीचको सम्बन्ध तथा सद्भाव कायम राख्न भइरहेका प्रयासबारे जानकारी लिइएको बताए ।

उनले हाल अन्य जिल्लाको अवस्था सामान्य रहेको र सुनसरीमा पनि विभिन्न पक्षबीच संवादमार्फत समस्या समाधानतर्फ सकारात्मक प्रगति भइरहेको जानकारी दिए । गृह मन्त्रालयमा मन्त्री, सचिव तथा सुरक्षा निकायका उच्च अधिकारीहरूको सहभागितामा जिल्लागत सुरक्षा अवस्थाको समीक्षा बैठक समेत सम्पन्न भएको थियो ।

यसैबीच सिंहदरबारमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको अगुवाइमा आयोजित सर्वदलीय छलफलपछि नौ राजनीतिक दलले संयुक्त अपिल जारी गर्दै समाजमा सदियौँदेखि कायम रहेको धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र पारस्परिक भाइचारालाई कमजोर पाने कुनै पनि गतिविधिमा सहभागी नहुन सबैलाई आग्रह गरेका छन् ।


संयुक्त अपिलमा लोकतन्त्रमा जस्तोसुकै जटिल समस्या पनि शान्तिपूर्ण संवाद, सहमति र संवैधानिक प्रक्रियाबाट मात्रै समाधान गर्न सकिने उल्लेख गर्दै आफ्ना माग र असन्तुष्टिहरू शान्तिपूर्ण रूपमा प्रस्तुत गर्न सम्बन्धित सबै पक्षलाई आह्वान गरिएको छ । साथै प्रदेश, जिल्ला र स्थानीय तहमा तत्काल सर्वदलीय तथा सर्वपक्षीय बैठक आयोजना गरी संवादलाई तल्लो तहसम्म विस्तार गर्ने र नागरिकस्तरमा विश्वासको वातावरण निर्माण गर्न राजनीतिक दलहरूले आ-आफ्ना संगठनलाई निर्देशन दिने सहमति भएको छ ।


त्यस्तै कोशी प्रदेश सरकारले घटनामा मृत्यु भएका व्यक्तिका परिवारलाई दुई लाख रुपैयाँ राहत उपलब्ध गराउने घोषणा गरेको छ । घर, पसल तथा अन्य संरचनामा आगजनीबाट प्रभावित परिवार तथा घाइतेलाई प्रतिपरिवार ५० हजार रुपैयाँको दरले राहत उपलब्ध गराउने निर्णय गरिएको छ ।

मुख्यमन्त्री हिक्मतकुमार कार्कीको अध्यक्षतामा सम्पन्न सर्वपक्षीय बैठकले राहत घोषणासंगै सामाजिक सद्भाव कायम गने सम्बन्धमा आठबुँदे निर्णय पनि गरेको छ । बैठकले राजनीतिक, सामाजिक तथा प्रशासनिक निकायबीच समन्वय बढाउने, स्थानीय तहमा सर्वदलीय तथा सर्वपक्षीय बैठक आयोजना गर्ने, सामाजिक सद्भावसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने तथा सामुदायिक मेलमिलापलाई प्राथमिकता दिने निर्णय गरेको छ ।

त्यसैगरी स्थानीय प्रशासनसंग समन्वय गरी सद्भाव यात्रा सञ्चालन गर्ने, सबै धार्मिक समुदायका संघसंस्थाबाट संयुक्त अपिल जारी गर्ने, सीमावर्ती क्षेत्रबाट हुन सक्ने अवाञ्छित गतिविधिप्रति सुरक्षा सतर्कता बढाउने तथा घाइतेको उपचार र मृतकका परिवारलाई थप राहत उपलब्ध गराउन सङ्घीय सरकारसंग अनुरोध गर्ने निर्णय पनि बैठकले गरेको छ ।

बैठकले घटना प्रभावित जिल्ला तथा आसपासका क्षेत्रमा सुरक्षा व्यवस्थापन अझ प्रभावकारी बनाउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयसंग आवश्यक समन्वय गर्ने निर्णयसमेत गरेको छ । मुख्यमन्त्री कार्कीले सामाजिक सद्भाव कायम राख्नु सबैको साझा जिम्मेवारी भएको उल्लेख गर्दै राजनीतिक दल, प्रशासन, सुरक्षा निकाय, नागरिक समाज तथा स्थानीय समुदाय सबैले संयमता अपनाई शान्ति स्थापनामा भूमिका खेल्नुपर्नेमा जोड दिए ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# अस्पतालमा तोडफोड नगर

मधेश प्रदशको वीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा तोडफोड र चिकित्सकहरुलाई दुर्व्यवहार गरिएको घटनाले देशमा चिकित्साकर्मीहरु हड्तालमा उत्रेका छन् । अस्पतालमा बिरामीहरु उपचारका लागि जान्छन् । तर उपचारका लागि जाने सबै रोगीहरु त्यहीँ अस्पतालमा ठिक भइहाल्ने मान्यता ठिक होइन । कतिपय रोगको उपचार सम्भव नहुने भएर चिकित्सकहरुले रेफर गर्छन् । उपचार हुन नसक्ने धेरै कारणहरु हुन सक्छ । बिरामीलाई चाहिने चिकित्सकीय सहायताको अतिरिक्त उपकरणहरुको पनि आवश्यकता हुन्छ । तर तत्कालै ती उपकरणहरु अस्पतालमा उपलब्ध नहुन सक्छ । आयु पुगिसकेकालाई कसैले जोगाउन सक्दैन । चिकित्सकलाई दोष दिने मात्र हो । तर यसको अर्थ चिकित्सकले समयमै समुचित उपचार नगरी लापरबाही गने होइन । मृत्युको अन्तिम चरणमा पुगिसकेको जस्तो लागे पनि चिकित्सकहरुको उचित सोचसमझले बिरामी बाँचेको घटना धेरै बढी छ । सरकारी अथवा निजी अस्पतालमा रोगीलाई समुचित उपचार चिकिस्तकले समयमै गर्नुपर्छ । अस्पतालमा चिकित्सकले सेवाको भन्दा व्यापारलाई महत्व दिने गरेका छन् । मरिसकेका मानिसलाई पनि आइसीयूमा राखेर रकम असुली गरिएको घटनाहरुलाई गणना गर्न सकिदैन । चिकित्सकहरुको लापरबाहीको कारण मानिसको मृत्यु भएको पनि घटना अनगिन्ती छ । तर समयमै समुचित उपचार गरेर चिकित्सकले बचाएको घटना पनि गणना गर्ने भन्दा बढी छ । चिकित्सकले पढाईमा गरेको लगानीलाई केन्द्रमा राखेर बिरामीको उपचार गरे रकम त बढी पाउने छन् । तर बिरामीप्रति अन्याय गरेर अन्तिममा ज्यान लिने छन् । चिकित्सक भनेको जीवनदान दिने वर्गमा पर्छन् । उनीहरुले बिरामीलाई गरिब, धनी, जात, धर्म, लिंग लगायतको आधारमा उपचार गर्ने होइन । बिरामीलाई हरसम्भव चिकित्सकीय सेवा दिने चिकित्सकहरुको महत्वपूर्ण दायित्व हो । त्यसबाट उनीहरु विमुख हुन पाउँदैनन् । अस्पतालमा मृत्यु हुने सबै रोगीको उपचारमा लापरबाही नै भएको भने हुँदैन । चिकित्सकहरुले हरसम्भव प्रयास गर्दा पनि रोगीलाई बचाउन नसक्दा चिकित्सकलाई पनि पश्चाताप हुने गर्छ । नारायणी उपक्षेत्रिय अस्पतालमा भएको घटनाले चिकित्सकहरुको मन दुखाएको छ । चिकित्सकले उपचारमा कुनै कसर बाँकी नराखेको दाबी गरेका छन् । त्यो असत्य नहोला । तर पनि अस्पतालमा तोडफोड र चिकित्सकमाथि दुर्व्यवहार हुनु कदापि उपयुक्त होइन । चिकित्सकलाई नागरिकबाट सम्मान हुनुपर्छ । चिकित्सकले भयमुक्त भएर उपचार गर्न पाउनु पर्छ । दबाबमा रहेर चिकित्सकले उपचार गर्दा त्यो फलदायी नहुन सक्छ । त्यसकारण चिकित्सकको मनोबल उच्च बनाउने जिम्मेदवारी नागरिक समाज र राज्यको हो । चिकित्सक र बिरामी पक्षबीच विवाद हुनुको कारण उपचार बिग्रेपछि मात्र हो । चिकित्सकलाई दुर्व्यवहार गर्ने र अस्पतालमा तोडफोड गर्ने घटनाले अन्य बिरामीहरुलाई समेत समस्या हुने गर्छ । एउटा घटनाले अन्य कयौँ रोगीलाई अप्ठ्यारो हुने वातावरण बन्न दिनु हुँदैन ।

# के गोली चलाउनु नै प्रहरीको सफलता हो?



● शिवजी श्रेष्ठ

सुनसरीको देवानगन्जमा प्रहरीको गोली चलेपछि उत्पन्न तनाव, त्यसपछिको हिंसा, कर्फ्यु र नेपाली सेना परिचालनले फेरि एउटा पुरानो बहसलाई सतहमा ल्याएको छ।

लोकतान्त्रिक समाजमा सार्वजनिक अशान्तिको सामना राज्यले कसरी गर्नुपर्छ? प्रहरीको भूमिका कहाँसम्म हो? सेना कहिले र किन परिचालन हुनुपर्छ? र, नागरिकको विश्वास कायम राख्दै शान्ति कसरी पुनर्स्थापित गर्न सकिन्छ ?

करिब एक वर्षअघि जेनजी आन्दोलन क्रममा झन्डै २४ घन्टाको वरपर देशको सुरक्षा प्रणाली नै उथलपुथल भएको अवस्थामा देशका प्रमुख सुरक्षा संयन्त्रहरू (नेपाली सेनासहित नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग) देशको आन्तरिक सुरक्षा व्यवस्था कायम राख्न कहाँ चुके? अब फेरि आकस्मिक रूपमा यस्तो अवस्था आए सुरक्षा संयन्त्रहरूबीच समन्वय गरेर कसरी आन्तरिक सुरक्षा व्यवस्था कायम राख्न सकिन्छ? वा, त्यसका लागि के-के पूर्व तयारी गर्नुपर्छ?

अहिले सुरक्षा संयन्त्र, विशेषतः प्रहरीसँग भएका साधन, स्रोतहरू पर्याप्त छन् कि छैनन्? सुरक्षा संयन्त्रहरूको कार्यक्षेत्र र तहगत रूपमा हुनुपर्ने खटाइबारे हुनुपर्ने छलफल भए कि भएनन्?

अहिलेको सन्दर्भमा भन्दा, सुनसरी देवानगन्जको घटनामा के नेपालका सुरक्षा निकायहरू स्थिति नियन्त्रणमा लिन असमर्थ भएकै हुन् त?

यी प्रश्नलाई म केवल एउटा टिप्पणीकारका रूपमा होइन, दुई फरक सुरक्षा प्रणालीमा काम गरेको व्यक्तिका रूपमा हेर्छु।

करिब तीन दशकअघि नेपाल प्रहरीमा सेवा गने अवसर पाएको सन्दर्भलाई म हाल बेलायतको ह्यामसायर कन्स्टबुलरीअन्तर्गत स्वतन्त्र सल्लाहकारको भूमिकामा कार्यरत रहेको अवस्थासँग दाँजेर हेर्ने प्रयासमा छु। यी दुई अनुभवले मलाई सुरक्षा व्यवस्थापनका फरक दर्शन, कार्यशैली र उत्तरदायित्व प्रणालीलाई नजिकबाट बुझ्ने अवसर दिएका छन्।

देवानगन्ज घटनाको न्यायिक वा प्रशासनिक निष्कर्ष आउन बाँकी छ। त्यसैले यो लेखको उद्देश्य कसैलाई दोषी वा निर्दोष ठहर गर्नु होइन। बरू यस्ता घटनाले हाम्रो सुरक्षा प्रणालीलाई कसरी अझ व्यावसायिक, उत्तरदायी र जनविश्वासयुक्त बनाउन सकिन्छ भन्ने विषयमा विमर्श गर्नु हो।

नेपालमा सार्वजनिक सुरक्षा चुनौतीहरू विविध छन्। राजनीतिक आन्दोलन, जातीय वा धार्मिक तनाव, स्थानीय विवाद, सीमापार प्रभाव र सामाजिक सञ्जालमार्फत फैलिने अफवाहले अवस्था केही घन्टामै जटिल बन्न सक्छ। यस्ता परिस्थितिमा स्थानीय प्रशासनले कर्फ्यु लगाउने, नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गर्ने तथा आवश्यक ठाने नेपाली सेनाको सहयोग लिने कानुनी व्यवस्था छ। नेपालको भौगोलिक, सामाजिक र संस्थागत वास्तविकताले कहिलेकाहीँ यस्तो निर्णय अपरिहार्य पनि हुन सक्छ।

तर एउटा प्रश्न सधैं बाँकी रहन्छ, के सेना परिचालन गर्नुअघि प्रहरीसँग पर्याप्त क्षमता, साधन, तालिम र रणनीति थियो? यो प्रश्न हिजो पनि उठेको थियो, आज पनि उठेको छ। यदि थिएन भने भविष्यका लागि त्यसलाई कसरी सुधार्ने?

हिजो नेपाल प्रहरी एक्लै हुँदा, अर्थात् सशस्त्र प्रहरी गठन नहुँदा विभिन्न आन्दोलन (माओवादी सशस्त्र द्वन्द्वमा समेत) मा यसरी सजिलै सेना परिचालन भएको देखिँदैन। नेपाल प्रहरी एक्लैले निकै बेर धानेको देखिन्थ्यो। प्रहरीले पर्याप्त समय प्रयास गर्दा पनि नसकेको अन्तिम अवस्थामा सेना परिचालन भएको देखिन्थ्यो।

त्यसैले देशको सार्वजनिक सुरक्षा व्यवस्था कायम राख्न सेनालाई सजिलै मैदानमा ल्याउनुअघि निकै सोच्न जरूरी छ।

अहिले एक ठाउँमा तनाव भएर कर्फ्यु लगाउँदा समेत सेना उतारिहाल्नुअघि अन्य क्षेत्रबाट पर्याप्त प्रहरी र सशस्त्र प्रहरी परिचालन गरेर प्रयास गरिसकेपछि मात्र सेनालाई उतार्नु सान्दर्भिक हुन्थ्यो कि?

होइन भने यस्तै दंगा देशका अन्य भूभागमा पनि एकैचोटि हुँदा कसरी नियन्त्रण गर्न सकिन्छ? यसबारे सोच्न जरूरी छ। यसबारे अन्य देशका सुरक्षा व्यवस्थाका दृष्टान्त हेर्नु पनि सान्दर्भिक हुन सक्छ।

बेलायतको अनुभव केही फरक छ। त्यहाँ सार्वजनिक व्यवस्था कायम गर्ने पहिलो र मुख्य जिम्मेवारी प्रहरीकै हुन्छ। दंगा वा हिंसात्मक भिड नियन्त्रणका लागि विशेष तालिम प्राप्त 'पब्लिक अर्डर युनिट' परिचालन गरिन्छ। यस्ता इकाईले भिडको मनोविज्ञान, जोखिम मूल्यांकन, वार्ता, चरणबद्ध प्रतिक्रिया र न्यूनतम आवश्यक बल प्रयोगका सिद्धान्तमा आधारित भएर काम गर्छन्।

विगतका दुई दशकभन्दा बढीको मेरो बेलायत बसाइ र आधा दशकभन्दा बढी प्रहरीको स्वतन्त्र सल्लाहकारको भूमिकामा रहँदा यहाँ पनि विभिन्न दंगा र तनावको अवस्था सिर्जना भए, जसमा जातीय, वर्गीय र धार्मिक दंगाहरू छन्। तर यहाँ यस्ता घटनामा सेना परिचालन भएको देखिएन।

अझ गज्जबको संयोग के छ भने, गत वर्ष भदौ २३ गते नेपालमा जेनजी आन्दोलन भइरहेका बेला बेलायतको लन्डनमा आप्रवासी विरोधी आन्दोलन हुँदै थियो। यहाँ एकै ठाउँमा एक लाख नौ हजारको भिड जम्मा भएको थियो। पसल तोडफोड र केही हुलदंगाका घटना पनि भए। तर यहाँ गोली चलेन वा चलाउनु परेन। केही प्रहरी घाइते भए, तर ठूलो बल प्रयोग नगरी स्थिति नियन्त्रणमा लिइएको देखियो।

बेलायतमा कुल १,४७,६२१ जना प्रहरीमध्ये करिब ४ प्रतिशत अर्थात् ६,५५८ जना मात्र सशस्त्र प्रहरी छन्। तीमध्ये सक्रिय रूपमा तत्काल परिचालनयोग्य सशस्त्र प्रहरी ५,९१७ जना छन् भने बाँकी अधिकांश प्रहरीले हतियारबिना दैनिक सेवा सञ्चालन गर्छन्। तर यसको अर्थ उनीहरू कमजोर छन् भन्ने होइन। उनीहरूको शक्ति व्यावसायिक तालिम, गुप्तसूचना, सार्वजनिक विश्वास, सशस्त्र टोलीको द्रुत परिचालन र स्पष्ट कानुनी उत्तरदायित्वमा आधारित छ।

यहाँ बल प्रयोग गर्न कानुनी रूपमा 'आवश्यक', 'समानुपातिक' र 'जबाफदेही' हुनुपर्ने मान्यता छ। प्रत्येक निर्णयपछि समीक्षा गरिन्छ। बडी-वर्न क्यामरा, भिडिओ प्रमाण, स्वतन्त्र अनुसन्धान र सार्वजनिक उत्तरदायित्वले प्रहरीमाथिको विश्वासलाई बलियो बनाउने प्रयास गरिन्छ।

बेलायतमा सेना छैन भन्ने होइन। तर घरेलु दंगा नियन्त्रणका लागि सेना नियमित विकल्प होइन। सेना परिचालन हुने अवस्था अत्यन्त असाधारण हुन्छ र त्यति बेला पनि नागरिक प्रशासन तथा प्रहरीकै नेतृत्वलाई प्राथमिकता दिइन्छ।

यसको कारण स्पष्ट छ, लोकतान्त्रिक समाजमा नागरिकसँगको प्रत्यक्ष सम्पर्क र सार्वजनिक व्यवस्था कायम गर्ने जिम्मेवारी मूलतः नागरिक प्रहरीकै हुनुपर्छ।

आज सुनसरीको देवानगन्जमा सेनाका अधिकारी चेतावनीको भाषामा माइकिङ गर्दै गरेको देख्दा माथिका कुराहरू स्मरणमा आए।

ह्यामसायर कन्स्टबुलरीअन्तर्गत स्वतन्त्र सल्लाहकारको मेरो भूमिकाले अर्को महत्त्वपूर्ण पक्ष सिकाएको छ। कुनै घटना भइसकेपछि मात्र प्रतिक्रिया दिनुभन्दा घटना हुनुअघि समुदायसँग सम्बन्ध निर्माण गर्नु धेरै प्रभावकारी हुन्छ। स्वतन्त्र सल्लाहकार समूहमा विभिन्न समुदायका प्रतिनिधि, नागरिक समाज र प्रहरीबीच निरन्तर संवाद हुन्छ। कुनै संवेदनशील घटना हुँदा त्यसले समुदायमा कस्तो असर पार्न सक्छ भन्नेबारे प्रहरीले स्वतन्त्र सुझाव संकलन गर्छ। यसले गलत बुझाइ कम गर्न, अफवाह नियन्त्रण गर्न र सार्वजनिक विश्वास जोगाउन सहयोग पुर्‍याउँछ।

नेपालमा पनि समुदाय-प्रहरी साझेदारीको अवधारणा नयाँ होइन। तर यसलाई अझ संस्थागत, निरन्तर र प्रभावकारी बनाउन आवश्यक देखिन्छ। संकटको बेला मात्र होइन, सामान्य अवस्थामा पनि समुदायसँग विश्वासको सम्बन्ध निर्माण भएको भए तनाव व्यवस्थापन धेरै सहज हुन सक्छ।

देवानगन्जको घटनाले अर्को पाठ पनि दिएको छ। सामाजिक सञ्जालको युगमा कुनै पनि घटनाको आधिकारिक जानकारी ढिलो आउँदा अफवाह छिटो फैलिन्छ। त्यसैले सुरक्षा निकायले समयमै, तथ्यमा आधारित र पारदर्शी सूचना सार्वजनिक गर्नु अहिलेको अपरिहार्य आवश्यकता हो। सूचना अभावले धेरै पटक हिंसा बढी फैलाउन सक्छ।

यससँगै बल प्रयोगपछि स्वतन्त्र अनुसन्धान पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। प्रहरीले कानुनअनुसार काम गरेको हो भने अनुसन्धानले त्यसलाई पुष्टि गर्नुपर्छ। कमजोरी भएको हो भने त्यसबाट सिकेर सुधार हुनुपर्छ। उत्तरदायित्वले प्रहरीको मनोबल घटाउँदैन; बरू संस्थाप्रतिको सार्वजनिक विश्वास बढाउँछ।

नेपाल र बेलायतका सामाजिक, राजनीतिक, ऐतिहासिक र सुरक्षा चुनौतीहरू एउटै छैनन्। त्यसैले एउटा देशको मोडेल अर्को देशमा जस्ताको तस्तै लागू गर्न सकिँदैन। तर केही सार्वभौमिक सिद्धान्त सबै लोकतान्त्रिक समाजका लागि समान हुन्छन्, जहाँ कानुनको शासन, न्यूनतम आवश्यक बल प्रयोग, व्यावसायिक तयारी, पारदर्शिता, समुदायसँगको विश्वास र स्वतन्त्र उत्तरदायित्व हुन्छ।

नेपालका प्रहरीले पछिल्ला दुई दशकमा धेरै सकारात्मक परिवर्तन गरेका छन्। तालिम, प्रविधि, अनुसन्धान र समुदायसँगको सम्बन्धमा सुधार भएका छन्। तर बदलिँदो समाज, प्रविधि र भिड व्यवस्थापनका नयाँ चुनौतीलाई ध्यानमा राख्दै अझ धेरै सुधारको आवश्यकता पनि उत्तिकै छ।

देवानगन्जको घटनालाई केवल एउटा स्थानीय सुरक्षा चुनौतीका रूपमा हेर्नु पर्याप्त हुँदैन। यसलाई हाम्रो सुरक्षा नीति, तालिम, नेतृत्व, सञ्चार र सार्वजनिक विश्वासको पुनर्मूल्यांकन गर्ने अवसरका रूपमा लिनुपर्छ।



देवानगन्ज घटनाबारे आधिकारिक अनुसन्धान जारी छ। त्यसैले यस लेखको उद्देश्य कसैलाई दोषी वा निर्दोष भन्नु होइन। बरू यस्ता घटनाबाट नेपालका सुरक्षा संयन्त्रहरूले के सिक्न सक्छन् भन्ने विषयमा छलफल गर्नु हो।

**पहिलो पाठ – प्रहरीको सबभन्दा ठूलो हतियार बन्दुक होइन, जनविश्वास हो।**

बेलायतमा अधिकांश प्रहरी अधिकारी निःशस्त्र हुन्छन्। माथि नै उल्लेख गरिएको छ, बेलायतमा जम्मा प्रहरीमध्ये करिब ४ प्रतिशत मात्र हतियार प्रयोग गने प्रहरी छन्। यसको अर्थ ९६ प्रतिशतभन्दा बढी प्रहरीले दैनिक रूपमा बन्दुक बिना नै सेवा गर्छन्। तर यसले उनीहरू कमजोर छन् भन्ने अर्थ लाग्दैन। उनीहरूको वास्तविक शक्ति कानुनको सम्मान, व्यावसायिक तालिम, समुदायको विश्वास र द्रुत संस्थागत सहयोगमा आधारित हुन्छ।

**दोस्रो पाठ – दंगा नियन्त्रण गोलीबाट होइन, तयारीबाट हुन्छ।**

बेलायतमा सार्वजनिक व्यवस्था बिग्रने सम्भावना देखिएदेखि नै जोखिम मूल्यांकन सुरू हुन्छ। गुप्तसूचना संकलन, समुदायसँग संवाद, सामाजिक सञ्जालको निगरानी, स्पष्ट कमान्ड संरचना र विशेष प्रशिक्षित पब्लिक अर्डर युनिटको तयारी प्राथमिकतामा पर्छ। बल प्रयोग अन्तिम विकल्प हो।

**तेस्रो पाठ – समुदाय प्रहरीको साझेदार हो।**

ह्यामसायर कन्स्टबुलरीअन्तर्गत स्वतन्त्र सल्लाहकारको भूमिकामा काम गर्दा मैले केही महत्त्वपूर्ण कुरा सिकेको छु। समुदायसँग नियमित संवादले धेरै सम्भावित द्वन्द्व घटना बन्नुअघि नै रोक्न सक्छ। प्रहरीले समुदायको विश्वास जित्न सके दंगा नियन्त्रण धेरै सहज हुन्छ।

**चौथो पाठ – गोली चलेपछि सत्य छिटो** सार्वजनिक हुनुपर्छ। आजको डिजिटल युगमा सूचना ढिलो आयो भने अफवाह छिटो फैलिन्छ। त्यसैले प्रहरीको पहिलो जिम्मेवारीमध्ये एउटा सत्य, तथ्य र पारदर्शी सूचना समयमै सार्वजनिक गर्नु पनि हो।

**पाँचौं पाठ – उत्तरदायित्वले प्रहरीलाई कमजोर बनाउदैन।**

बेलायतमा बल प्रयोगको प्रत्येक घटनाको समीक्षा हुन्छ। यदि प्रहरीले कानुन अनुसार काम गरेको छ भने अनुसन्धानले त्यसलाई पुष्टि गर्छ। यदि गल्ती भएको छ भने सुरक्षा संयन्त्रले त्यसबाट सिक्छ। उत्तरदायित्व संस्थाको कमजोरी होइन, विश्वसनीयताको आधार हो।

**छैठौं पाठ – सेना अन्तिम विकल्प हुनुपर्छ।**

नेपालको सुरक्षा चुनौती बेलायतभन्दा फरक छ। त्यसैले कहिलेकाहीँ सेना परिचालन आवश्यक हुन सक्छ। तर लोकतान्त्रिक अभ्यासले एउटा सिद्धान्त सिकाउँछ। जति सक्षम नागरिक प्रहरी हुन्छ, त्यति कम सेना प्रयोग गर्नुपर्ने अवस्था आउँछ।

सेना असाधारण अवस्थाको सुरक्षा स्रोत हो, नियमित सार्वजनिक व्यवस्था कायम गर्ने संस्था होइन र यसलाई सस्तो (सजिलै परिचालन गर्ने) बनाउनु पनि हुँदैन।

**सातौं पाठ – भिडको मनोविज्ञान बुझ्नु आवश्यक छ।**

भिड सधैं अपराधी हुँदैन। धेरैजसो अवस्थामा केही व्यक्तिको गतिविधिले ठूलो समूहलाई प्रभावित बनाउँछ। त्यसैले दंगा नियन्त्रणको उद्देश्य भिडसँग युद्ध गर्नु होइन; हिंसात्मक तत्वलाई अलग गरेर शान्ति पुनर्स्थापित गर्नु हो।

**आठौं पाठ – प्रत्येक घटनापछि सिक्ने संस्कृति आवश्यक छ।**

बेलायतमा ठूलो सार्वजनिक घटनापछि समीक्षा अनिवार्यजस्तै हुन्छ। र, प्रत्येक घटनालाई केस स्टडीका रूपमा सबै पुलिस युनिटमा पठाउने गरिन्छ। हाम्रोमा जस्तो घटना भयो, सकियो भनेजस्तो हुँदैन। साथै, घटनाको दोषी खोज्नु मात्र पर्याप्त हुँदैन; सुधार खोज्नु अझ महत्त्वपूर्ण हुन्छ।

**नवौं पाठ – तालिममा लगानी बल प्रयोगभन्दा सस्तो हुन्छ।**

विशेष दंगा नियन्त्रण तालिम, वार्ता सीप, कम घातक उपकरण, सञ्चार प्रणाली र नेतृत्व विकासमा गरिएको लगानीले भविष्यमा ठूलो हिंसा रोक्न सक्छ।

दसौं पाठ – लोकतन्त्रमा जित्ने पक्ष जनता नै हुनुपर्छ।

दंगा नियन्त्रणको अन्तिम उद्देश्य राज्यले शक्ति प्रदर्शन गर्नु होइन। जनताले आफू सुरक्षित, सम्मानित र न्याय पाएको अनुभूति गर्नु नै वास्तविक सफलता हो। जे होस्, नेपाल प्रहरीमा सेवा गर्दाको अनुभवले मलाई अनुशासन सिकायो। बेलायतको प्रहरी प्रणालीसँग काम गर्ने अवसरले मलाई उत्तरदायित्व, समुदायसँगको साझेदारी र संस्थागत आत्मसमीक्षाको महत्त्व सिकायो।

यी दुई अनुभवलाई जोडेर हेर्दा एउटा निष्कर्षमा पुग्न सकिन्छ – प्रहरीको सफलता उसले कति गोली चलायो भन्नेमा होइन, गोली चलाउनुपर्ने अवस्था कति कम बनायो भन्नेमा मापन हुनुपर्छ।

अनि, सरकार वा गृहमन्त्रीको सफलता घटना हुनेबित्तिकै समीक्षा नगरी स्थानीय प्रशासक वा प्रहरी कमान्डरको सरूवामा निर्भर गर्दैन।

देवानगन्जको घटनाबाट हामीले दोषी खोज्ने भन्दा बढी सिकाइ खोज्न सके, त्यसले नेपाल प्रहरी, सशस्त्र प्रहरीलाई मात्र होइन, राज्य र नागरिक सबैलाई दीर्घकालीन रूपमा लाभ पुर्‍याउनेछ।

अन्ततः कुनै पनि लोकतान्त्रिक समाजमा शान्ति केवल कानुनले होइन, विश्वासले टिक्छ। र, विश्वास निर्माण गर्ने जिम्मेवारी प्रहरी, सरकार र समाज तीनैको साझा दायित्व हो।

मेरो अनुभवले एउटा कुरा स्पष्ट देखाएको छ। लोकतान्त्रिक समाजमा सफल सुरक्षा व्यवस्था कडा बल प्रयोगले होइन, जनविश्वासले टिक्छ।

जब समुदायले प्रहरीलाई आफ्नो सुरक्षा साझेदारका रूपमा देख्छ, तनाव नियन्त्रण गर्न गोलीभन्दा संवाद प्रभावकारी हुन्छ। जब उत्तरदायित्व स्पष्ट हुन्छ, संस्थाको विश्वसनीयता बढ्छ। र, जब व्यावसायिकता बलियो हुन्छ, सेना परिचालन गर्नुपर्ने अवस्था आफै कम हुँदै जान्छ।

देवानगन्जको घटनाबाट नेपालका सरकार वा सम्बन्धित निकायले दोष खोज्नेभन्दा बढी पाठ सिक्न सके, त्यसले भविष्यमा यस्ता घटनाको सम्भावना घटाउनेछ। कुनै पनि आधुनिक लोकतन्त्रको सुरक्षा व्यवस्थाको अन्तिम उद्देश्य केवल दंगा नियन्त्रण गर्नु होइन; नागरिकको विश्वास जोगाउँदै शान्ति कायम गर्नु हो। त्यही लक्ष्यतर्फ हाम्रो यात्रा निरन्तर रहनुपर्छ। यो लेख सेतोपाटीडटकमबाट साभार गरिएको छ ।


**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

| | |
|---|---|
| मेष : | आज नयाँ अवसरले तपाईलाई उत्साहित बनाउनेछ । |
| वृष : | धैर्य र संयमले सफलता दिलाउने दिन छ। |
| मिथुन : | आज आत्मविश्वास बढ्नेछ र काममा उत्साह रहनेछ । |
| कर्कट : | रोकिएका काम पूरा हुने संकेत छन् । |
| सिंह : | आज आफ्नो प्रतिभा देखाउने अवसर मिल्नेछ । |
| कन्या : | मेहनतले अपेक्षाभन्दा राम्रो परिणाम दिनेछ । |
| तुला : | आज खुशीको समाचार सुन्न पाइने सम्भावना छ । |
| वृश्चिक : | पुरानो अनुभवले नयाँ चुनौती पार गर्न सहयोग गर्नेछ । |
| धनु : | भाग्यले साथ दिने दिन रहनेछ । अध्ययन र करियरमा प्रगतिको अवसर मिल्नेछ । |
| मकर : | आज जिम्मेवारी बढे पनि सफलता प्राप्त हुनेछ । |
| कुम्भः | नयाँ सोच र सिर्जनशीलताले प्रशंसा दिलाउनेछ । |
| मीनः | आज मनमा नयाँ आशा र उत्साह जाग्नेछ । |

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**जनकपुरधाम ०४१**

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# फरार प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

रौतहट । अदालतबाट कैद तथा जरिवाना सजाय सुनाइएपछि फरार रहँदै आएका १० जना प्रतिवादीलाई रौतहट प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका प्रहरी इकाइबाट परिचालित टोलीले जिल्लाको विभिन्न स्थानमा लुकिछिपी बसेका प्रतिवादीहरूलाई पक्राउ गरेको हो। पक्राउ परेकाहरू जिल्ला अदालत रौतहटबाट विभिन्न मुद्दामा दोषी ठहर भई सजाय तोकिए पनि फरार रहेका थिए।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमका अनुसार पक्राउ पर्नेमा चोरी मुद्दाका गौर नगरपालिका-४ निवासी कल्लु भन्ने अमित कुमार सहनी रहेका छन्। उनीविरुद्ध २ वर्ष ११ महिना ३ दिन कैद र रु. २० हजार जरिवाना सजाय बाँकी रहेको थियो।

तयस्तै, लेनदेन बिगो मुद्दामा दोषी ठहर भएका देवाही गोनाही नगरपालिकाका मोजेलाल राजत कुर्मीलाई २ वर्ष कैद सजाय कार्यान्वयनका लागि पक्राउ गरिएको प्रहरीले जनाएको छ।

कुटपिट तथा लुटपिट मुद्दामा चन्द्रपुर नगरपालिका-५ की नाजदा खातुन तथा चन्द्रपुर-४ का शेख समिर र शेख मोतिजर पक्राउ परेका छन्। उनीहरूलाई जनही रु. १० हजार जरिवाना तोकिएको थियो।

त्यसैगरी चोरी मुद्दाका देवाही गोनाही-४ का विक्रम कुमार महतो (१३ दिन कैद), ज्यान सम्बन्धी कसुर मुद्दाका परोहा-४ का तिलाई राय यादव (२३ दिन कैद र रु. ३ हजार जरिवाना), चोरी मुद्दाकै गढीमाई-५ का करण कुमार यादव तथा माधव नारायण-४ का राम कुमार यादव (जनही रु. २० हजार जरिवाना) समेत पक्राउ परेका छन्।

प्रहरीका अनुसार पक्राउ परेका सबै प्रतिवादीलाई मंगलबार नै जिल्ला अदालत रौतहटमा उपस्थित गराई कैद भुक्तान तथा जरिवाना असुलउपरको प्रक्रिया अघि बढाइएको छ। फरार प्रतिवादी खोजी तथा पक्राउ अभियानलाई थप प्रभावकारी रूपमा निरन्तर सञ्चालन गरिने जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।




# साम्प्रदायिक सद्भाव बिथोल्ने कार्य नगर्न चेतावनी




**टुडे समाचारदाता**

लहान । जिल्ला प्रशासन कार्यालय सिरहाले सबै नागरिकलाई संयमित हुन आग्रह गरेको छ । सुनसरी जिल्लामा भएको घटनापछि धार्मिक तथा साम्प्रदायिक सद्भाव बिथोल्ने उद्देश्यले सामाजिक सञ्जालमार्फत भ्रामक सूचना, अफवाह तथा द्वेषपूर्ण अभिव्यक्ति फैलिन नदिन यस्तो आग्रह गरेका हुन।

बुधबार सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले सूचना जारी गरी पुराना घटनालाई वर्तमान घटनासँग जोडेर भ्रम सिर्जना गर्ने, कुनै धर्म, समुदाय, संस्कृति वा आस्थामाथि लक्षित गरी घृणा फैलाउने तथा सामाजिक सद्भाव खलबल्याउने गतिविधिबाट टाढा रहन अनुरोध गरेको हो।

सिरहा जिल्लामा विभिन्न जातजाति, भाषा, धर्म तथा समुदायबीच कायम रहेको आपसी एकता, सद्भाव, सहिष्णुता र भाइचारालाई जोगाउनु सबै नागरिकको साझा दायित्व भएको उल्लेख गर्दै धार्मिक गुरु, नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मी तथा सम्पूर्ण सरोकारवालालाई सामाजिक सद्भाव संरक्षणमा सक्रिय भूमिका निर्वाह गर्न आह्वान गरिएको छ।

साथै, सामाजिक उत्तेजना फैलाउने, धार्मिक भावनामा आघात पुग्ने गतिविधि गर्ने वा कानुनविपरीत कार्यमा संलग्न हुने जो-कोहीलाई मुलुकी अपराध संहिता, २०७४ तथा विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम कानुनी कारबाही गरिने चेतावनी समेत जिल्ला प्रशासन कार्यालयले दिएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी बरालले सिरहामा लामो समयदेखि कायम रहेको धार्मिक तथा सामाजिक सद्भाव सबैको साझा सम्पत्ति भएकाले कुनै पनि अफवाह वा भ्रामक सूचनाको पछि नलाग्न सबैसँग आग्रह गरेका छन्।

उनले सामाजिक सञ्जालको जिम्मेवार प्रयोग गर्न, आपसी एकता, सहिष्णुता र भाइचारा कायम राख्न तथा कानुनविपरीत कुनै पनि गतिविधिमा संलग्न नहुन अनुरोध गर्दै शान्ति, सुरक्षा र सामाजिक सद्भावमा खलल पुर्‍याउने जो-कोहीमाथि प्रचलित कानून बमोजिम कडा कारबाही गरिने पनि स्पष्ट पारेका छन्।

# पर्साको एसपीमा भट्टराई


**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साका प्रहरी प्रमुख (एसपी) सुदीप पाठकको सरुवा गरिएको छ । प्रहरी प्रधान कार्यालयले पाठकको स्थानमा पवनकुमार भट्टराईलाई पर्साको प्रहरी प्रमुखको जिम्मेवारी दिएको छ।

भट्टराई यसअघि जिल्ला प्रहरी परिसर, काठमाडौंमा कार्यरत थिए । यस्तै, एसपी दानबहादुर थापालाई जिल्ला प्रहरी परिसर काठमाडौंमा खटाइएको छ । नारायणी अस्पताल, वीरगञ्जमा चिकित्सकमाथि भएको कुटपिट घटनापछि पर्साका प्रहरी प्रमुखको सरुवा गरिएको हो।

गत शनिबार नारायणी अस्पतालमा उपचारका क्रममा वीरगञ्ज-२५ निवासी राजकुमार पटेलको मृत्यु भएपछि तनाव उत्पन्न भएको थियो। उपचारमा लापरबाही भएको आरोप लगाउँदै आक्रोशित समूहले अस्पतालमा तोडफोड गर्नुका साथै चिकित्सक डा. प्रमोद राममाथि आक्रमण गरेको थियो।

# दुधमति खोलाको पुल निर्माणमा भएको ढिलाइले स्थानीयवासीलाई सास्ती



जनकपुरधाम । दुधमति खोलाको पुल निर्माणमा भएको ढिलाइले स्थानीयवासीलाई सास्ती पुगेको छ।

धनुषाको ढल्केबर-जनकपुर-जटही छ लेन सडकखण्डअन्तर्गत जनकपुरधामस्थित दुधमति खोलामा निर्माणाधीन पुल लामो समयदेखि अलपत्र हुँदा स्थानीयवासी तथा यात्रु सास्ती खेप्न बाध्य छन्।

जनकपुरधामलाई भारतको जटही नाकासँग जोड्ने रणनीतिक मार्गको महत्त्वपूर्ण संरचना हो, उक्त पुल । स्थानीय सुबोध नायकले लामो समयदेखि पुल निर्माणको काम अलपत्र परेको बताउनुभयो।

जनताले पुल छिट्टै तयार हुने अपेक्षा गरे पनि निर्माणले गति लिन नसक्दा नागरिकमा निरासा बढेको छ। निर्माणकार्य अधुरो रहँदा जनताका अपेक्षा पूरा हुन सकेन।

निर्माण ठेक्का २०७६ साल जेठ २५ गते नागार्जुन हेम जेभीसँग भएको थियो । निर्माण लागत रु १३ करोड ९५ लाख ६४ हजार ३३८ मा सम्झौता भएको हो । सडक डिभिजन कार्यालय जनकपुरधामले २०८२ माघ १७ गते पुल निर्माण सम्पन्न गर्नेगरी सम्झौता भएको जानकारी दिएको छ । पुल निर्माणमा भएको ढिलाइका कारण सडक डिभिजन कार्यालय जनकपुरधामले नागार्जुन हेम जेभीसँगको ठेक्का सम्झौता तोडेको प्रमुख इन्जिनियर दारोगा प्रसादले बताउनुभयो।

ढल्केबर-जनकपुर-जटही छ लेन सडक मधेस प्रदेशकै महत्त्वपूर्ण सडक आयोजना हो। भारतसँगको व्यापार, धार्मिक पर्यटन तथा स्थानीय आवागमनलाई सहज बनाउने उद्देश्यले पुलको निर्माण थालनी गरिएको थियो। रासस


**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय मलंगवा, सर्लाहीको, तपसिलमा उल्लेखित ऋणीहरु तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना।**

**(सूचना प्रकासित मिति २०८३/०४/१४ गते बिहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.)का तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले यस बैंकबाट कर्जा चुक्ता फछ्र्यौट गर्ने सम्बन्धमा पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनहुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र शिलबन्दी बोलपत्र **बैंकको शाखा कार्यालय, मलंगवा सर्लाहीमा** दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०५/२५ गते बिहिबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) **बैंकको शाखा कार्यालय, मलंगवा सर्लाहीमा** दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७५/१०/२० गते प्रा.फ.नं. ६४५०/०७५/०७६ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुरबाट मिति २०७५/१०/२१ (मूं.अ.क. दर्ता मिति २०७६/०१/२९) मा करदाताको नाम प्रदिप कुमार मिश्र कारोवारको नाम प्रसिद्ध ट्रेडर्स एण्ड सप्लायर्स भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०९१७९२०२ को प्रमाणपत्र प्राप्त **प्रसिद्ध ट्रेडर्स एण्ड सप्लायर्स**।

**ठेगाना :** सर्लाही जिल्ला रामनगर गा.पा. वडा नं. १।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : प्रदिप कुमार मिश्र** (ना.प्र.नं. १९१००६/३४, जारी मिति २०६६/११/२७, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगाना : सर्लाही जिल्ला रामनगर गा.पा. वडा नं. १ (साविक खैर्वा गा.वि.स. वडा नं. ६)। बाबु : दिनेश मिश्र। बाजे : राम नारायण मिश्र। | **जमानतकर्ता : प्रतिभा झा** (ना.प्र.नं. ३२१००१/२४५, जारी मिति २०६७/०४/०९, प्रतिलिपि जारी मिति २०७५/०७/१३, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगाना : जिल्ला सर्लाही रामनगर गा.पा. वडा नं. १। बाबु : राजु झा। पति : संदिप कुमार मिश्र। ससुरा : दिनेश मिश्र। |
| **जमानतकर्ता : दिनेश मिश्र** (ना.प्र.नं. ४६५७०३७१/३७१, जारी मिति २०३४/०९/२२, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगाना : सर्लाही जिल्ला रामनगर गा.पा. वडा नं. १ (साविक खैर्वा गा.वि.स. वडा नं. २)। बाबु : राम नारायण मिश्र। बाजे : देवनन्दन मिश्र। | **जमानतकर्ता : उर्मीला कुमारी देवी** (ना.प्र.नं. ४६५७३१८, जारी मिति २०४५/०२/१६, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगाना : सर्लाही जिल्ला रामनगर गा.पा. वडा नं १ (साविक खैर्वा गा.वि.स. वडा नं. १)। बाबु : रामेश्वर झा। पति : दिनेश मिश्र। ससुरा : राम नारायण मिश्र। |
| **जमानतकर्ता : संदिप कुमार मिश्र** (ना.प्र.नं. ४६५७४२०४, जारी मिति २०६१/०४/११, प्रतिलिपि जारी मिति २०७२/१२/१४, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगाना : सर्लाही जिल्ला रामनगर गा.पा. वडा नं. १ (साविक खैर्वा गा.वि.स. वडा नं. ६)। बाबु : दिनेश मिश्र। बाजे : राम नारायण मिश्र। | **जमानतकर्ता : अमित कुमार रन्जन** (ना.प्र.नं. १९१००६/२१९, जारी मिति २०६९/०३/२२, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगाना : सर्लाही जिल्ला रामनगर गा.पा. वडा नं. १ (साविक खैर्वा गा.वि.स. वडा नं. ६)। बाबु : दिनेश मिश्र। बाजे : राम नारायण मिश्र। |

**जमानतकर्ता : अन्जना कुमारी झा** (ना.प्र.नं. ३२३०१६/५७, जारी मिति २०७०/०२/२९, जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)। स्थाई ठेगाना : रौतहट जिल्ला सर्लाही भलोहिया गा.वि.स. वडा नं. ७। हालको ठेगाना : सर्लाही जिल्ला रामनगर गा.पा. वडा नं १। बाबु : हरिशंकर नाथ झा। पति : प्रदिप कुमार मिश्र। ससुरा : दिनेश मिश्र।

**धितो लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. दिनेश मिश्रको नाममा मालपोत कार्यालय सर्लाही, मलंगवामा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला खैर्वा मोग्लाहा गा.वि.स. वडा नं. ३, नक्सा सिट नं ३क, स्थित कित्ता नं. ११६४, क्षेत्रफल ०-२-०-० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..........१

२. प्रदिप कुमार मिश्रको नाममा मालपोत कार्यालय सर्लाही, मलंगवामा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला खैर्वा मोग्लाहा गा.वि.स. वडा नं. ४, नक्सा सिट नं. ४क, स्थित कित्ता नं. ९७५, क्षेत्रफल ०-०-१२.२५-४ (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.......१

३. संदिप कुमार मिश्रको नाममा मालपोत कार्यालय सर्लाही मलंगवामा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला खैर्वा मोग्लाहा गा.वि.स. वडा नं. ४, नक्सा सिट नं. ४क, स्थित कित्ता नं. १००० को क्षेत्रफल ०-०-१६-० बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत............१

४. ऋणी प्रसिद्ध ट्रेडर्सको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा **शाखा कार्यालय, मलंगवा, सर्लाहीबाट** समेत प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय मलंगवा, सर्लाहीमा** सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**


# सात करोड ४२ लाख राजस्व संकलन

जनकपुरधाम । जिल्ला भन्सार कार्यालय तिलाठी बेल्ही सप्तरीले आर्थिक वर्ष २०८२/८३ मा रु सात करोड ४२ लाख राजव संकलन गरेको छ । कार्यालयका सूचना अधिकारी विजयकुमार साहका अनुसार आव २०८२/८३ मा कार्यालयको वार्षिक लक्ष्य रु आठ करोड १७ लाख १५ हजार रहेकामा लक्ष्यको ९०.१ प्रतिशत अर्थात रु सात अर्ब ४२ लाख राजस्व संकलन भएको छ।

अघिल्लो आव २०८१/८२ मा उक्त कार्यालयले वार्षिक लक्ष्यको ८०.९३ प्रतिशत राजस्व सङ्कलन गरेको थियो। भन्सार नाकासम्म पुग्ने सडक र पुल लामो समयसम्म जीर्ण हुँदा आवागमन प्रभावित भइरहेको परिस्थितिमा लक्ष्यको ९० प्रतिशत राजस्व संकलन हुनु सन्तोषजनक नै मान्नुपर्ने सूचना अधिकारी साहको भनाइ छ। रासस


**नेपाल रेडक्रस सोसाइटी**
**महोत्तरी जिल्ला शाखा**

**जलवायु अनुकूलन खडेरी व्यवस्थापन (CADM) परियोजना**

**सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/१४ गते**

नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखाद्वारा सञ्चालित "जलवायु अनुकूलन खडेरी व्यवस्थापन (CADM) परियोजना" अन्तर्गत जलेश्वर नगरपालिकाको वडा नं. ३ स्थित खैरा र वडा नं. ६ स्थित ठूलो धबौली टोलमा डिप बोरिङ जडान गर्ने सिलबन्दी बोलपत्रद्वारा सेवा खरिद तथा आपूर्ति गर्नुपर्ने भएकोले इच्छुक मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएका नेपाल सरकारको इजाजत प्राप्त आपूर्तिकर्ता, व्यवसायी तथा सप्लायर्सहरुबाट मिति २०८३ साल श्रावण २८ गतेसम्म निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक बोलपत्र आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरू :**

१. अद्यावधिक गरेको इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरुको नोटरी प्रमाणित गराई निवेदन सहित नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखाको राष्ट्रिय वाणिज्य बैंक जलेश्वर शाखामा रहेको चल्ती हिसाब नम्बर १२७०१०००००६१२००१ मा रु. २,०००।- (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर पेश गरी २०८३ श्रावण २८ गते दिउँसो २:०० बजेभित्र विस्तृत विवरण सहितको बोलपत्र फाराम उपलब्ध गराइनेछ।
२. खरिद भएका बोलपत्रहरु मिति २०८३ श्रावण २८ गतेसम्म कार्यालय समय (५:०० बजे) भित्र प्राविधिक र आर्थिक (फरक फरक) दरभाउपत्र सिलबन्दी लाहाछाप गरी एकै खाममा विवरण प्रष्ट खुलाइ नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखामा दर्ता गराइ सक्नुपर्नेछ।
३. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समय अनुसार हुनेछ।
४. पेश भएका बोलपत्रहरु संकलन गरी बोलपत्रदाताहरु वा निजको प्रतिनिधीको उपस्थितीमा मिति २०८३ श्रावण २९ गते दिउँसो २:०० बजे नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखामा प्राविधिक बोलपत्र खोलिनेछ। बोलपत्र खोल्दा बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि कुनै बाधा पर्नेछैन।
५. बोलपत्रका साथमा कबोल गरेको रकमको २.५५ (साढे दुई) प्रतिशतका दरले हुन आउने धरौटी वापत (अर्नेष्ट मनी) को रकम नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखाको नाममा माथि बुँदा नं. १ मा उल्लेख गरिएका खाता नम्बरमा नगदै जम्मा गरेको बैंक भौचर अनिवार्य रुपमा समावेश भएको हुनुपर्नेछ। यदि सिलबन्दी बोलपत्र खोल्दा धरौटी रकम जम्मा नगरेको पाइएमा उक्त बोलपत्रलाई प्रक्रियामा समावेश गरिनेछैन।
६. सिलबन्दी बोलपत्र स्वीकृत भएमा कबोल अंकको १० प्रतिशतले हुन आउने कार्यसम्पादन बापतको जमानत (Performance Bond) धरौटी रकम नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखाको माथि उल्लेखित खातामा जम्मा गर्नुपर्नेछ।
७. कुनै शर्त राखिएको, म्याद नाघी आएको वा रित नपुगेको सिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिनेछैन।
८. बोलपत्र फारामभित्रको BOQ मा मूल्य अभिवृद्धि कर (VAT) सहितको दर रेट अंक र अक्षर दुवैमा अनिवार्य रुपमा उल्लेख भएको हुनुपर्नेछ। साथै दरभाउपत्रमा सरकारले तोकेको सम्पूर्ण करहरु समावेश गर्नुपर्नेछ। बोलपत्रमा उल्लेख भएका सामाग्रीहरुमा लाग्ने चुंगी कर, ठेक्का कर, रोयल्टी जस्ता व्ययभारहरु सम्बन्धित बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। अन्यथा उक्त बोलपत्रलाई प्रक्रियामा समावेश गरिनेछैन।
९. सिलबन्दी बोलपत्र फाराम स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखामा सुरक्षित रहनेछ।
१०. स्वार्थको द्वन्द (Conflict of Interest) देखिएमा शून्य सहनशीलता (Zero Tolerance) को सिद्धान्तमा त्यस्ता सिलबन्दी बोत्रपत्र स्वतः खारेज हुनेछ।

**विस्तृत जानकारीको लागि फोन नं. ९८४४०२९७१६, ९८१२३२९०२७ र ९८४१७१४७१६ मा वा सोझै नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।**



**मिथिला बिहारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तारापट्टी, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३।०४।१३**

यस नगरपालिकाको लागि आ.व. २०८३।८४ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८१/०८२ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८२/०८३ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८२/०८३ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

# चार स्थानीय तह निमितकै भरमा संचालन



**टुडे समाचारदाता**

रौतहट । संघीय सरकारले सबै स्थानीय तहमा प्रमुख प्रशाकीय अधिकृत पदपूर्ति गरिसकिएको दाबी गर्दै आएको अवस्थामा रौतहटका चार स्थानीय अझै निमितकै भरमा संचालन हुँदै आएको देखिएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देशभर निमित्त प्रमुख प्रशासकीय अधिकृत हटाउँदै दरबन्दी अनुसारका कर्मचारी खटाउने नीति अनुरुप सबै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पठाइसकिएको दाबी गर्दै आएका छन् ।

तर रौतहटका वृन्दावन नगरपालिका, देवाही गोनाही नगरपालिका, बौधीमाई नगरपालिका र ईशनाथ नगरपालिकामा अझै शाखा अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हालिरहेका छन् ।

नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रूपमा उपसचिव रहने व्यवस्था छ । तर वृन्दावन नगरपालिकामा शाखा अधिकृत श्यामकिशोर प्रसाद, देवाही गोनाही नगरपालिकामा शाखा अधिकृत पवनकुमार केशरी, बौधीमाई नगरपालिकामा शाखा अधिकृत उदयशंकर चौधरी र ईशनाथ नगरपालिकामा शाखा अधिकृत महमद नवाज हुसैन निमित्त प्रमुख प्रशासकीय अधिकृतका रूपमा कार्यरत रहेका छन् ।

बौधीमाई नगरपालिका इनरवारीका विवेक यादवले आफ्नो पालिकामा सरकारले उपसचिवलाई प्रमुख प्रशासकीय अधिकृतका रूपमा नपठाउँदा विकृति अन्त्य हुन नसकेको बताए । नियमसंगत कामका लागि पनि दौडधुप गर्नुपर्ने अवस्था कायमै रहेको उनले गुनासो गरेका छन् ।

दरबन्दी अनुसार प्रमुख प्रशासकीय अधिकृत नहुँदा विकास निर्माणका काममा पारदर्शिता र सुशासन कायम गर्ने विषय प्रभावित हुने गरेको उनले बताए ।

ईशनाथ नगरपालिका औरैयाका किशोरी यादवले निमित्त प्रमुख प्रशासकीय अधिकृत हुँदा नगर प्रमुखले नियम कानुनलाई बेवास्ता गर्दै आफूअनुकूलका काम गराउने गरेको आरोप लगाउँदै तत्काल उपसचिव पठाउन सरकारसँग माग गरे ।

बौधीमाई नगरपालिकाका नगरप्रमुख प्रदीपकुमार यादवले अन्य पालिकाजस्तै आफ्नो पालिकामा पनि दरबन्दीअनुसार प्रमुख प्रशासकीय अधिकृत व्यवस्थापनका लागि संघीय सरकारसँग पटक-पटक पहल गर्दै आएको बताए ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव मदन भुजेलले सरकारको लक्ष्य दरबन्दीअनुसार प्रमुख प्रशासकीय अधिकृत खटाउने रहेको बताउँदै आवश्यक प्रक्रिया पूरा गरी तत्काल कर्मचारी पठाइने जानकारी दिएका छन् ।

## धनुषामा कसको कति अनुदान बजेट खर्च

# जनकपुरधाम उपमहानगर निकै कम, बटेश्वर सबैभन्दा अगाडि

**कोलेनिकको तथ्यांक अनुसार जनकपुरधाम उपमहानगरले गत आवमा १ अर्ब ३४ करोड १२ लाख रुपैयाँ संघबाट अनुदान पाएकोमा त्यसको ६३.२५ प्रतिशत अर्थात ८४ करोड ८३ लाख ७४ हजार १६० रुपैयाँ खर्च गरेको हो भने बटेश्वर गाउँपालिकाले २४ करोड ९२ लाख ९० हजार अनुदान प्राप्त गरेकोमा २३ लाख ६० हजार ९९ हजार ३८९ रुपैयाँ अर्थात ९४.७१ प्रतिशत बजेट खर्च गरेको छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । संघ सरकारबाट अनुदानको प्राप्त बजेट खर्च खर्चमा धनुषाको स्थानीय तहहरु मध्ये जनकपुरधाम उपमहानगरपालिका निकै पछाडि देखिएको छ । जिल्लाको १८वटै वटै स्थानीय तह मध्ये बटेश्वर गाउँपालिकाले सबभन्दा बढी बजेट खर्च गरेको हो । जिल्लामा औसतन ८१.९८ प्रतिशत खर्च भएको हो ।

कोष तथा लेखा नियन्त्रक कार्यालय धनुषाका अनुसार गत आर्थिक वर्ष २०८२/०८३ मा संघ सरकारबाट धनुषाको स्थानीय तहहरुले ५ अर्ब ६७ करोड ६२ लाख ५० हजार रुपैयाँ विभिन्न अनुदान स्वरुप बजेट पाएकोमा ४ अर्ब ६५ करोड ३४ लाख ३२ हजार २१० रुपैयाँ खर्च गर्न सकेको हो ।

कोलेनिकको तथ्यांक अनुसार जनकपुरधाम उपमहानगरले गत आवमा १ अर्ब ३४ करोड १२ लाख रुपैयाँ संघबाट अनुदान पाएकोमा त्यसको ६३.२५ प्रतिशत अर्थात ८४ करोड ८३ लाख ७४ हजार १६० रुपैयाँ खर्च गरेको हो भने बटेश्वर गाउँपालिकाले २४ करोड ९२ लाख ९० हजार अनुदान प्राप्त गरेकोमा २३ लाख ६० हजार ९९ हजार ३८९ रुपैयाँ अर्थात ९४.७१ प्रतिशत बजेट खर्च गरेको छ ।

कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख बुद्धराम मल्ल आलेका अनुसार गत आवमा क्षीरेश्वरनाथ नगरपालिकाले गत आव २०८२।८३ मा ३८ करोड २० लाख ८६ हजार



रुपैयाँ अनुदान पाएकोमा त्यसको ८६.७६ प्रतिशत अर्थात ३३ करोड १५ लाख १३ हजार २०७ रुपैयाँ खर्च गरेको हो ।

यस्तै शहिदनगर नगरपालिकाले गत आवमा ४२ करोड २५ लाख ४० हजार रुपैयाँ अनुदान प्राप्त गरेकोमा त्यसको ८५.९४ प्रतिशत अर्थात ३६ करोड ३१ लाख १५ हजार २९९ रुपैयाँ, हंसपुर नगरपालिकाले ३८ करोड १३ लाख ७५ हजार रुपैयाँ अनुदान पाएकोमा त्यसको ८५.११ प्रतिशत अर्थात ३२ करोड ४५ लाख ९३ हजार १५५ रुपैयाँ खर्च गरेको हो ।

गणेशमान चारनाथ नगरपालिकाले गत आवमा ३६ करोड ४७ हजार रुपैयाँ अनुदान प्राप्त गरेकोमा त्यसको ८५ प्रतिशत अर्थात ३० करोड ६० लाख २९ हजार ३७ रुपैयाँ, मिथिला बिहारी नगरपालिकाले गत आवमा ३३ करोड २० लाख ३४ हजार रुपैयाँ अनुदान प्राप्त गरेकोमा त्यसको ८४.७० प्रतिशत अर्थात २८ करोड १२ लाख ३५ हजार ३९२ रुपैयाँ खर्च गरेको हो ।

त्यस्तै, नगराईन नगरपालिकाले गत आवमा ३५ करोड २९ लाख १२ हजार अनुदान पाएकोमा त्यसको ८४.५१ प्रतिशत अर्थात २९ करोड ८२ लाख ६२ हजार ९१४ रुपैयाँ, मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाले संघ सरकारबाट २३ करोड ४ लाख ६० हजार अनुदान पाएकोमा त्यसको ८३.८५ प्रतिशत अर्थात १९ करोड ३२ लाख ५१ हजार ४५९ रुपैयाँ खर्च गरेको हो ।

उता सबैला नगरपालिकाले संघबाट ३८ करोड ४० लाख ९१ हजार रुपैयाँ अनुदान पाएकोमा त्यसको ८३.१२ प्रतिशत अर्थात ३१ करोड ९२ लाख ५० हजार ५९० रुपैया, औरही गाउँपालिकाले गत आवमा २६ करोड ३१ लख ७० हजार रुपैयाँ अनुदान पाएकोमा त्यसको ८२.४३ प्रतिशत अर्थात २१ करोड ६९ लाख २९ हजार ९३८ रुपैयाँ खर्च गरेको हो । मिथिला नगरपालिकाले ४३ करोड ६ लाख ६० हजार अनुदान पाएकोमा त्यसको ८२.२२ प्रतिशत अर्थात ३५ करोड ४० लाख ९६ हजार ३९ रुपैयाँ खर्च गरेको हो ।

तथ्यांक अनुसार विदेह नगरपालिकाले ३३ करोड २९ लाख २० हजार रुपैयाँ अनुदान पाएकोमा त्यसको ७८.६३ प्रतिशत अर्थात २६ करोड १७ लाख ८९ हजार १२२ रुपैयाँ खर्च गरेको हो । जनकनन्दिनी गाउँपालिकालाई ३१ करोड ७२ लाख २० हजार रुपैयाँ अनुदान दिइएकोमा त्यसको ७८.०६ प्रतिशत अर्थात २४ करोड ७६ लाख २३ हजार ६५८ रुपैयाँ खर्च भएको हो ।

लक्ष्मिनीयाँ गाउँपालिकाले संघ सरकारबाट ३३ करोड ३५ लाख ८ हजार रुपैयाँ अनुदान पाएकोमा त्यसको ७७ प्रतिशत अर्थात २५ करोड ६८ लाख ३ हजार ५०२ रुपैयाँ खर्च भएको हो । धनौजी गाउँपालिकाले २० करोड ४ लाख ५७ हजार रुपैयाँ पाएकोमा त्यसको ७६.६० प्रतिशत अर्थात १५ करोड ३५ लाख ४१ हजार ३८४ रुपैयाँ खर्च गरेको हो ।

कमला नगरपालिकाले गत आवमा ३० करोड ६५ लाख ४० हजार रुपैयाँ पाएकोमा त्यसको ७३.९५ प्रतिशत अर्थात २२ करोड ६६ लाख ९३ हजार ४९२ रुपैयाँ खर्च भएको हो । यस्तै, धनुषाधाम नगरपालिकाले गत आवमा ३९ करोड ६९ लाख ४० हजार अनुदान पाएकोमा त्यसको ७१.२० प्रतिशत अर्थात २८ करोड २६ लाख ४ हजार ६३३ रुपैयाँ खर्च गरेको तथ्यांकमा उल्लेख छ ।

# बोर्डमा कालोमोसो दलिएपछि गाउँमा तनाव

**टुडे समाचारदाता**

रौतहट । रौतहटको फतुवा विजयपुर नगरपालिका-६ स्थित ऐतिहासिक पेटभर्वा गाउँको नाम बारे फेरी विवाद शुरु भएको छ । मंगलबार राति गाउँ प्रवेशद्वारमा राखिएका 'पेटभर्वा' लेखिएका स्वागत बोर्डमा तोडफोड भएपछि स्थानीयस्तरमा पुनः तनाव उत्पन्न भएको हो ।




स्थानीयका अनुसार तीन वटा स्वागत बोर्ड उखेलेर फालिएको छ भने थप दुई वटा बोर्डमा कालो मोसो दलिएको छ। घटनामा संलग्न व्यक्तिहरूको पहिचान गरी निष्पक्ष छानबिन तथा कानुनी कारबाही गर्न उनीहरूले प्रशासनसँग माग गरेका छन् ।

इलाका प्रहरी कार्यालय विजयपुरका प्रमुख इन्स्पेक्टर रादेश खत्रीले एउटा बोर्डमा तोडफोड र अर्कोमा अज्ञात व्यक्तिले कालोमोसो दलेको पुष्टि गर्दै घटनाबारे अनुसन्धान भइरहेको जानकारी दिएका छन् ।

स्थानीयहरूको भनाइमा 'पेटभर्वा' नाम पुस्तौंदेखि सरकारी अभिलेख, नक्सा तथा प्रशासनिक कागजातमा कायम रहँदै आएको हो । तर केही वर्षयता कानुनी प्रक्रिया र सर्वपक्षीय सहमतिबिनै 'यदुवंशीनगर' नाम प्रयोग गर्न थालिएपछि विवाद सुरु भएको उनीहरूको दाबी छ ।

२०७४ र २०७९ सालको स्थानीय तह निर्वाचनपछि वडा कार्यालयको छाप र लेटरप्याडमा 'यदुवंशीनगर' उल्लेख हुन थालेपछि गाउँ दुई धारमा विभाजित भएको स्थानीयहरूको आरोप छ। विरोधपछि केही समय 'पेटभर्वा' नाम प्रयोग गरिए पनि २०७९ को निर्वाचनपछि पुनः 'यदुवंशीनगर' नै प्रयोग हुन थालेको उनीहरूको भनाइ छ ।

विवाद समाधानका लागि स्थानीयहरूले जिल्ला प्रशासन कार्यालय रौतहट, गृह मन्त्रालयदेखि सर्वोच्च अदालतसम्म गुहार मागेका छन् । जिल्ला प्रशासन कार्यालयले प्रचलित कानुनअनुसार आधिकारिक नाम, छाप र लेटरप्याड मात्रै प्रयोग गर्न वडा कार्यालयलाई निर्देशन दिँदै दुई पटक तीन दिनभित्र लिखित स्पष्टीकरणसमेत मागेको थियो। तर प्रशासनको निर्देशन पूर्ण रूपमा कार्यान्वयन नभएको स्थानीयहरूको आरोप छ ।

यसैबीच, गाउँको नाम तथा वडा कार्यालयको छाप र लेटरप्याडमा 'यदुवंशीनगर' प्रयोग गरिएको विषयमा दायर रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ। यद्यपि विषयको संवेदनशीलतालाई दृष्टिगत गर्दै अदालतले अग्राधिकारका साथ शीघ्र सुनुवाइ गरी अन्तिम निर्णय गर्न आदेश दिएको छ। अदालतले यो विवाद जातीय, भाषिक, सांस्कृतिक तथा सामाजिक सद्भावसँग जोडिएको विषय भएकाले ढिलाइ नगरी टुंगो लगाउनुपर्ने उल्लेख गरेको छ। प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले यसअघि सरकारी अभिलेखमा रहेको गाउँको नाम परिवर्तन गर्न मन्त्रिपरिषद्को निर्णय तथा कानुनी प्रक्रिया अनिवार्य हुने स्पष्ट पार्दै आएका छन् ।

यता वर्तमान वडा अध्यक्ष राम एकवाल यादव र पूर्व वडा अध्यक्ष हिरालाल यादवले भने नगर कार्यपालिका बैठकबाट गाउँको नाम परिवर्तन गर्ने निर्णय भइसकेकाले वडा कार्यालयको छाप र लेटरप्याडमा 'यदुवंशीनगर' प्रयोग गरिएको बताउँदै आएका छन् ।

लामो समयदेखि जारी नाम विवादबीच स्वागत बोर्डमा गरिएको तोडफोड र कालोमोसो दल्ने घटनाले गाउँमा सामाजिक ध्रुवीकरण थप बढ्न सक्ने चिन्ता स्थानीयहरूले व्यक्त गरेका छन्। उनीहरूले कानुनी प्रक्रियाबाट विवादको स्थायी समाधान खोज्न सम्बन्धित निकायसँग आग्रह गरेका छन् । सर्वोच्च अदालतबाट आउने अन्तिम निर्णयले वर्षौंदेखि कायम गाउँको नाम विवादको निकास हुने अपेक्षा गरिएको छ ।

# वीरगञ्जका सम्पूर्ण वडा अनिश्चितकालिन बन्द

**टुडे समाचारदाता**

वीरगञ्ज । वडाध्यक्ष पक्राउको विरोधमा वीरगञ्ज महानगरपालिकाका ३२ वटै वडा कार्यालयहरु अनिश्चिकालिन बन्द भएको छ । प्राप्त जानकारी अनुसार वीरगञ्ज महानगरपालिका २५ का वडाध्यक्ष आशुतोष चतुर्वेदीलाई प्रहरीले पक्राउ गरेको विरोधमा वडा कार्यालयको कामकारबाही अनिश्चितकालका लागि बन्द गरिएको हो ।

वडाध्यक्षहरूले सामूहिक रूपमा विरोध जनाउँदै साउन १३ गतेदेखि अत्यावश्यक बाहेकका सम्पूर्ण सेवा बन्द गर्ने निर्णय गर्दै कामकारवाही बन्द गरेका हुन् । यस निर्णयसँगै महानगरका वडाबाट प्रदान हुँदै आएका सिफारिस, दर्तालगायतका दैनिक प्रशासनिक काम प्रभावित भएको छ ।

गत साउन ९ गते नारायणी अस्पतालमा उपचारका क्रममा वीरगञ्ज-२५ निवासी



राजकुमार कुर्मीको मृत्यु भएपछि घटना विवादमा आएको थियो । चिकित्सकको लापरबाहीका कारण बिरामीको मृत्यु भएको आरोप लगाउँदै मृतकका परिवार तथा आफन्तले अस्पतालमा विरोध प्रदर्शन गरेका थिए ।

उक्त घटनाको समाधानका लागि पीडित परिवार र प्रशासनबीच सहजीकरण गने क्रममा वडाध्यक्ष चतुर्वेदीले राखेको भनिएको धारणा आधार बनाएर स्थानीय प्रहरीले उनलाई महानगरपालिका कार्यालय परिसरबाटै बिना कारण पक्राउ गरेको वडाध्यक्षहरूको आरोप छ । नगरवासीको हकहितका विषयमा आवाज उठाउने जनप्रतिनिधिमाथि नै प्रहरीले धरपकड गरेको भन्दै महानगरका सम्पूर्ण वडाध्यक्षहरूले आपत्ति जनाएका छन् ।

यसअघि साउन १२ गते संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै उनीहरूले वडाध्यक्ष चतुर्वेदीलाई तत्काल रिहा गर्न स्थानीय प्रशासनसमक्ष माग गरेका थिए । तर जनप्रतिनिधिहरूको ध्यानाकर्षणपछि पनि प्रशासनले वडाध्यक्षलाई रिहा नगरेपछि बाध्य भएर सेवा बन्द गर्ने निर्णय लिनुपरेको वडाध्यक्षहरूले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

उनीहरूले पक्राउ परेका वडाध्यक्ष चतुर्वेदीलाई तत्काल सम्मानपूर्वक रिहा नगरिए थप कडा विरोधका कार्यक्रम घोषणा गर्ने चेतावनी समेत दिएका छन् । आन्दोलनबाट उत्पन्न हुने कुनै पनि असहज परिस्थितिको जिम्मेवारी स्थानीय प्रशासनले लिनुपर्ने वडाध्यक्षहरुको भनाई छ ।

यसैबीच, वडा कार्यालय बन्द हुँदा सेवाग्राही प्रभावित भएका छन्। यद्यपि अत्यावश्यक सेवाहरू भने सञ्चालनमा रहने जनाइएको छ।





मधेश कृषि विश्वविद्यालय

राजबिराज न.पा.-३, सप्तरी



कृषि स्नातक (B.Sc. Ag. Hons) तहको प्रवेश परिक्षाको Online आवेदन फाराम भर्ने सम्बन्धी

सूचना

शैक्षिक सत्र २०८३/०८४ का लागि कृषि संकायमा कृषि स्नातक तह (B.Sc. Ag. Hons) तहमा अध्ययन गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट मिति २०८३/०३/३२ गते देखि मितिच २०८३/०४/२९ गतेसम्म विश्वविद्यालयको वेबसाईट http://entrance.mau.edu.np मा गई Online आवेदन फारम भर्नको लागि यो सूचना प्रकाशन गरिएको छ ।

इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं

- इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
- निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं ।

स्वास्थ्य जीवनशैली र सकारात्मक बानीको विकास गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८